बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

(कार्यक्षेत्रः रामेछाप र दोलखा)



मन्थली, रामेछाप

## कृषि यन्त्र/औजार/उपकरण आपूर्ति गर्ने प्रयोजनको लागि सिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. ०४/०८२/०८३

प्रकाशित मितिः- २०८२/०८/२४ गते

कृषि विकास कार्यालय, रामेछापको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास कार्यक्रमहरु संचालनार्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमति प्रदेश, हेटौंडाबाट स्वीकृत कार्यविधि बमोजिम सम्झौता हुने कृषक समूह/सहकारी/फर्महरुलाई उनीहरुको माग एवं औचित्यको आधारमा स्वीकृत बजेटको परिधि भित्र रही तपसिल बमोजिमका कृषि यन्त्र/औजार लगायतका उपकरणहरु अनुदानमा उपलब्ध गराउने प्रयोजनका लागि न्यूनतम योग्यता पुगेका अधिकारिक उत्पादक/विक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८२/०९/०९ गते) कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रति इकाई सिलबन्दी दरभाउ प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही हुनेछैन। कृषि यन्त्र/औजार/उपकरणहरुको स्वीकृत प्राविधिक स्पेसिफिकेशन सहितको सिलबन्दी दरभाउ प्रस्ताव फारम यस कार्यालय वा कार्यालयको वेभसाइट https://ramechhap.ado.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

### आपूर्ति गर्नुपर्ने कृषि यन्त्र/औजार/उपकरणहरुः

| S.N. | Particulars | S.N. | Particulars |
|---|---|---|---|
| 1 | Diesel Mini Tiller Small Power Category | 7 | Two in One Electrical Sprayer |
| 2 | Diesel Mini Tiller Medium Power Category | 8 | Brush Cutter |
| 3 | Diesel Mini Tiller 9 hp Category | 9 | Combined Power Thresher |
| 4 | Petrol Mini Tiller Medium Power Category | 10 | Power Sprayer |
| 5 | Electric Combine Mill | 11 | Manual Jab Planter for Maize |
| 6 | Corn Sheller | | |

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com , वेवसाईटः ramechhap.ado.gov.np, Facebook Page: कृषि विकास कार्यालय, रामेछाप

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

मन्थली, रामेछाप

<u>आवश्यक कागजातहरु एवं शर्तहरुः</u>

१) फर्म/संस्था/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT/PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) कम्पनीको हकमा कम्पनी रजिष्टर कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र,

३) आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण,

४) संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वः घोषणापत्र,

५) सामाग्रीहरुको उत्पादक कम्पनीको आधिकारिक विक्रेता वा Authorized Agent/ डिलरशिप रहेको प्रमाणपत्र,

६) शिलबन्दी दरभाउ प्रस्ताव फारममा आपूर्ति गरिने सामग्रीहरुको प्राविधिक स्पेसिफिकेशन खुलाइ प्रति इकाई दररेट नेपाली रुपैंया अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। सिलबन्दी दरभाउ प्रस्ताव फारम पूर्ण रुपमा भरी प्रमाणित गरेको हुनुपर्नेछ,

७) आपूर्तिकर्ताले आपूर्ति गर्न खोजेको कृषि यन्त्र/औजार/उपकरणहरुको प्रस्तावित मोडल र ब्राण्डहरुको आधिकारिक टेस्ट रिपोर्टको प्रमाणित प्रतिलिपि,

८) आपूर्ति गर्न सकिने कृषि यन्त्र/औजार/उपकरणहरुको स्पेसिफिकेशन, ब्राण्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने क्याटलग, लिफलेट वा ब्रोसर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

९) आपूर्तिकर्ताहरुले कृषकहरुलाई बिक्रि वितरण गर्ने कृषि औजार/उपकरणहरु सम्बन्धित प्राविधिकले चेकजाँच गरी स्वीकृत प्राविधिक स्पेसिफिकेशन अनुसार नै रहेको प्रमाणित गरी कृषकहरुलाई विक्रि वितरण गर्ने र सोको एकमुष्ठ प्रतिवेदन यस कार्यालयलाई उपलब्ध गराउने प्रतिवद्धता पत्र।

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३
ईमेलः adoramechhap@gmail.com , वेवसाईटः ramechhap.ado.gov.np, Facebook Page: कृषि विकास कार्यालय, रामेछाप